Australian Government
Department of Employment and Workplace Relations

# सीप मूल्याङ्कनको नमुना परीक्षणहरू

## रोजगारीयोग्यताको मापन गर्ने निःशुल्क मूल्याङ्कन

सीप मूल्याङ्कनसम्बन्धी परीक्षणमा सफल हुने अष्ट्रेलियामा बस्ने आप्रवासीहरू रोजगरीयोग्यता मापन गर्ने मूल्याङ्कनमा सहभागी हुन पाउँछन् ।

### यसमा के के समावेश हुन्छ?

- ✓ रोजगारीयोग्यताको मापन गर्ने निःशुल्क एउटा मूल्याङ्कन
- ✓ एक पटके निःशुल्क कोचिङ
- ✓ एउटा निःशुल्क रोजगारी योजनाको तयारी तपाईंको रोजगारीयोग्यतासम्बन्धी सीपहरू
- ✓ छूटमा तालिम

### रोजगारी प्राप्त गर्न आवश्यक सीपहरू बढाउनुहोस्

रोगजारीयोग्यतासम्बन्धी सीप भन्नाले रोजगारी गर्न आवश्यक गैर-प्राविधिक सीपहरू बुझिन्छ ।

तपाईंसँग पहिलेदेखि नै आफ्नो काम गर्न चाहिने योग्यता ज्ञान र प्राविधिक सीप हुन सक्छ ।

निःशुल्क रोजगारीयोग्यता मूल्याङ्कन गर्नु भयो भने तपाईंसँग नभएको गैर-प्राविधिक सीप के हो भन्ने कुरा पहिचान गर्न सकिन्छ ।

### छूटमा उपलब्ध हुने तालिम लिनुहोस्

यो मूल्याङ्कनले रोजगारी प्राप्त गर्न आवश्यक सीपहरू बढाउन आवश्यक तालिम पहिचान गर्न मद्दत गर्न सक्छ ।

अष्ट्रेलियाली सरकारले तपाईंलाई यो तालिमको लागि $3,000 सम्म दिन सक्छ । तपाईंले तालिमको 10% रकम तिर्नु पर्ने हुन सक्छ ।

### निम्न अवस्थामा तपाईं यसका लागि योग्य हुन सक्नु हुन्छः

- ✓ मूल्याङ्कनबाट **छानेको पेसामा** रोगजारीको लागि योग्य भएको कुरा पहिचान भएको ।
- ✓ आफूसँग भएको सीपअनुसारको काम नगरिरहेको ।
- ✓ **योग्य स्थायी भिषा** भएको र अष्ट्रेलियामा बसिरहेको ।
- ✓ अष्ट्रेलियाली सरकारको अन्य कार्यक्रमबाट सहायता प्राप्त नगरिरहेको

चाडो गर्नुहोस्, यो सुविधा सीमित अवधिका लागि उपलब्ध छ- **आजै आवेदन दिनुहोस्!**

आफ्नो मूल्याङ्कन प्रधिकरणसँग आवेदन फाराम माग्नुहोस् । यो प्राधिकरणले तपाईंको फाराम हेरी तपाईं यसमा सहभागी हुन सक्नुहुन्छ वा सक्नुहुन्न भन्ने कुरा निर्धारण गर्ने छ ।

## अहिले नै आवेदन दिनुहोस् र आफूले चाहेको रोजगारी पाउनुहोस्!

थप जानकारीका लागि QR कोड स्क्यान गर्नुहोस्